वित्तीय प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०७९/०८०)

नमोबुद्ध नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

२०८०

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा प्रमुख प्रशासकीय अधिकृत श्री ईश्वरी प्रसाद शर्माज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को हालसम्म प्रगति प्रतिवेदन

श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय सभा सदस्यज्यूहरु,

१. यस दोश्रो नगर सभाको तेश्रो अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा उपस्थित हुनुभएका आदरणीय सभा सदस्यज्यूहरु, सभा पर्यवेक्षणमा उपस्थित राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरु एवम् यस सभामा उपस्थित अन्य आमन्त्रित व्यक्तित्वहरुमा नगरपालिका तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक अभिवादन व्यक्त गर्दै यस गरिमामय सम्मानित सभामा नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनले स्वीकृत गरेको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) सम्बन्धमा हाल सम्म भएको प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म आफैलाई गौरवान्वित महसुस गरेको छु। यो अवसर प्रदान गरिदिनु भएकोमा यस नगर सभाका श्रद्धेय सभाध्यक्ष तथा आदरणीय नगर सभा सदस्यज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै हाल सम्म भएका प्रगति विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२. नमोबुद्ध नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को वार्षिक नगर विकास योजना मा सामाजिक विकासलाई मुख्य प्राथमिकता निर्धारण गरी सुशासनयुक्त नगरको परिकल्पना सहित कृषि, व्यापार, शिक्षा, स्वास्थ्य, खेलकूद, पर्यटन, जेष्ठनागरिक, युवा तथा महिला सशक्तीकरण,उद्यमशीलताका साथै भौतिक पूर्वाधार विकासको कार्यहरु अघि बढाउदै हरेक योजना र कार्यक्रमलाई उत्पादन र उत्पादकत्व बृद्धि, रोरोजगारी प्रवर्द्धन र आय बृद्धिसँग जोड्दै वितरणमुखी भन्दा उत्पादनमुखीमा आधारित कार्यक्रम संचालन गर्ने गरी र आहतमा परेका नगरबासीलाई राहत हुने गरी राहत, रोजगारी, स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा विशेष जोड दिदै कार्यान्वयन गरिरहेको छ।

३. नमोबुद्ध नगरपालिका आफै आत्मनिर्भर बन्नु पर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै कर तथा सेवा शुल्कका दरहरूलाई बढाउनुको सट्टा करको दायरा फराकिलो पारी विभिन्न निकायबाट उपलव्ध साधन श्रोतको उच्चतम उपयोग गर्दै उपलब्धिमूलक क्षेत्रमा खर्च गरी नगरवासीहरुलाई सहज र सरल ढंगबाट गुणस्तरीय सेवा उपलब्ध गराउदै आम नगरवासीहरुको जीवन स्तरमा सुधार ल्याउँदै समृद्धितर्फ उन्मुख गराउने गरी विकासका आधारशिलाहरु खडा गर्न सकियोस भन्ने अभिप्रायका साथ स्वीकृत गरिएको आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको व्यहोरा यस गरिमामय नगर सभामा जानकारी गराउनु चाहन्छु।

४. हाल विश्वव्यापी देखिएको आर्थिक अस्थिरताबाट हाम्रो देश र विकासउन्मुख हाम्रो जस्तो स्थानीय तह सो अस्थिरताबाट अछुतो रहेन। आर्थिक संकट र यसका प्रभावका कारणले नगरपालिकाले अनुमानित गरेको आन्तरिक श्रोत, राजश्व बाँडफाँड र वित्तीय समानीकरण लक्ष्य अनुरुप प्राप्त गर्न सकेन सोही प्रभाव अनुसार सोचेको जस्तो प्रगति हासिल गर्न र लक्ष्यसम्म पुग्न अवरोध सिर्जना गरेता पनि नगरपालिका प्राथमिकता राखेका नगर गौरवका आयोजना, वडा स्तरीय आयोजना, स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, पशु क्षेत्रमा केहि उल्लेखनीय कार्यलाई आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न गर्ने अन्तिम चरणमा रहेको छ।

५. आर्थिक संकट र यसका प्रभावका कारणले नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशन (बजेट अधिवेशन) बाट स्वीकृत गरेको नीति, कार्यक्रम तथा बजेटको व्ययभार सहित आर्थिक दायित्व आगामी आर्थिक वर्ष २०८०/०८१ समेत सर्ने आकलन गरिएको छ।

श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय सभा सदस्यज्यूहरु,

६. अब म चालु आ.व. २०७९/०८० मा यस नमोबुद्ध नगरपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको संक्षेपमा समीक्षा गर्दै यस अवधिमा भएका योजना तथा कार्यक्रमको प्रगति प्रस्तुत गर्दछु।

- आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशन (बजेट अधिवेशन) बाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा विभिन्न श्रोतहरुबाट प्रस्तावित आय रु. ७४ करोड ७ लाख ७२ हजार ९९७ रुपया भएकोमा यो दस्तावेज तयार गर्दासम्म ६४ करोड ८९ लाख ७३ हजार ३९६ रुपिया वास्तविक आयमा रु. ४७ करोड ४५ लाख २६ हजार ९८ रुपया अर्थात कुल बजेटको (६४ प्रतिशत) खर्च भएको छ। नमोबुद्ध नगरपालिकामा प्राप्त नेपाल सरकार-समानीकरण अनुदान तर्फ विनियोजन भएको रु. ११ करोड ८७ लाख वास्तविक आयमा १० करोड ३८ लाख ६२ हजार ५०० रुपिया मध्ये रु. ७ करोड ३८ लाख ४९ हजार ७२६ रुपिया (६३ प्रतिशत) खर्च भएको, नेपाल सरकार शसर्त अनुदान तर्फ विनियोजन भएको रु. २९ करोड १८ लाख ७७ हजार वास्तविक आयमा २९ करोड ७ लाख ८४ हजार रुपिया मध्ये २२ करोड १२ लाख ८१ हजार ३७० रुपिया (७५ प्रतिशत) खर्च भएको, नेपाल सरकार समपुरक अनुदान तर्फ विनियोजन भएको रु. १ करोड वास्तविक आयमा १ करोड मध्ये ७९ लाख २९ लाख ००१ रुपिया (७९ प्रतिशत) खर्च भएको, बागमती प्रदेश-समानीकरण अनुदान तर्फ विनियोजन भएको रु. १ करोड ९० लाख १ हजार वास्तविक आयमा १ करोड ९० लाख १ हजार मध्ये ४१ लाख ८४ लाख ६४१ रुपिया (३८ प्रतिशत) खर्च भएको, बागमती प्रदेश सरकार शसर्त अनुदान तर्फ विनियोजन भएको रु. २ करोड ३ लाख ६६ हजार वास्तविक आयमा १ करोड १४ लाख ४७ हजार रुपिया मध्ये २८ लाख ३ हजार २८९ रुपिया (१३ प्रतिशत) खर्च

भएको, बागमती प्रदेश सरकार विशेष अनुदान तर्फ विनियोजन भएको रु. ८० लाख वास्तविक आयमा ८० लाख मध्ये २८ लाख ४१ हजार १४२ रुपिया (३५ प्रतिशत) खर्च भएको, बागमती प्रदेश-समपुरक अनुदान तर्फ विनियोजन भएको रु. ३ करोड वास्तविक आय रु. ३ करोड मध्ये रु. १ करोड, ५४ लाख ३५७ (५१ प्रतिशत) खर्च भएको, बागमती प्रदेश-राजस्व बांडफांड तर्फ विनियोजन भएको रु. ७ करोड ८२ लाख ११ हजार ८४४ रुपिया वास्तविक आय रु. ४ करोड ७ लाख ७६ हजार ७५० रुपिया मध्ये रु. ३ करोड ६९ लाख ३० हजार ९५३ रुपिया (४२ प्रतिशत) खर्च भएको, स्थानीय-राजस्व बांडफांड तर्फ विनियोजन भएको रु. २ करोड ७५ लाख २६ हजार ८०० रुपिया वास्तविक आय रु. ७७ लाख १८ हजार ७३४ रुपिया मध्ये रु. १ करोड ६२ लाख १० हजार ५०८ रुपिया श्रोत व्यवस्थापन गरी (५० प्रतिशत) खर्च भएको, संघीय सरकार-राजस्व बांडफांड तर्फ विनियोजन भएको रु. ९ करोड २८ लाख ४९ हजार वास्तविक आय रु. ६ करोड १७ लाख ६३ हजार ५७६ रुपिया मध्ये रु. ५ करोड ७३ लाख, ०३ हजार ९१६ रुपिया (५५ प्रतिशत) खर्च भएको, अन्तरिक श्रोत तर्फ विनियोजन भएको रु. ५ करोड २३ लाख ४१ हजार ३ सय ५२ रुपैया मध्ये रु. ४ करोड ३७ लाख २० हजार १९२ रुपिया (८० प्रतिशत) खर्च भएको। आन्तरिक श्रोत, वित्तीय समानिकरण अनुदान संघीय सरकार र प्रदेश सरकारको राजश्व बाँडफाँड संघीय सरकार र प्रदेश सरकार तर्फको आर्थिक वर्षको लागि विनियोजित योजना तथा कार्यक्रमहरुमा यो योजना कार्यक्रम तथा बजेट प्रस्तुत गरी रहदाँ ६३ प्रतिशत रकम खर्च भएको र अनुमानित बमोजिम वित्तीय हस्तान्तरण र आन्तरिक श्रोत प्राप्त नभएको हुँदा सम्झौता भई कार्यान्वयन भएको आयोजनाहरुलाई आगामी आर्थिक वर्ष २०८०/०८१ मा बजेट सहित योजना अ.ल्या. गरी भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ। साथै भारित तथा भौतिक प्रगति सन्तोषजनक नै रहेको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

७. चालु आर्थिक वर्षमा नगरपालिकाबाट लिईएको नीति तथा कार्यक्रमको समीक्षा गर्दा आर्थिक अस्थिरताको अवस्थामा र अन्य विविध समस्याहरुको समाधान गर्दै नगरपालिकाको प्रयास तथा सरोकारवालाहरुको सहयोग र तत्परताको कारण हामीले उत्साहाजनक उपलब्धि हासिल गरेको छौं। दिगो विकासको गति अघि बढाउन समुदायको उन्नतिको चाहनालाई संस्थागत गरी समग्र विकासको ढोका खोल्न हालको प्रयास उपलब्धिमुलक रहेको देखिन्छ। हाल सम्म हामीले हासिल गरेका समग्र उपलब्धिहरु नागरिकको सेवामा एक वर्ष नामक प्रतिवेदन पुस्तक समेत प्रकाशन गरी यहाँको माझमा प्रस्तुत भईसकेको र भए गरेका केहि उल्लेखनीय कार्यहरु प्रस्तुत गर्न चाहन्छु।

८. स्थिर पूँजी पाँच लाख सम्म भएका लघु उद्यमहरुलाई नगरपालिकामा व्यवसाय दर्ता गर्दा कानुन बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पूर्ण रुपमा छुट गर्ने साथै महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्तो उद्योग वा फर्म नगरपालिकामा दर्ता गर्दा कानुन

बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पूर्ण छुट दिने कार्यको सुरुवात गरिएको र हाल सम्म सो नीति अनुसार ६९ वटा विभिन्न व्यवसायहरु दर्ता भएको।

९. नमोबुद्ध नगरपालिकाबाट प्रदान गरिने सेवा तथा विकास निर्माणलाई व्यवस्थित गर्न आवश्यक ऐन, नियमावली, कार्यविधी तथा मापदण्डहरु दोश्रो कार्यकालमा ९ वटा कानुन निर्माण, १७ वटा कार्यपालिका बैठक, २ वटा नगर सभा र दोश्रो नगर सभाको तेश्रो अधिवेशन सम्पन्न गर्ने चरणमा रहदै नेपालकै नमुना नगरपालिकाको रुपमा परिचित गराउन तथा विकसित नगरको रुपमा स्थापित गर्न प्रयासरत छौ।

आदरणीय सभाध्यक्षज्यू, अब म विषयगत रुपमा यस नगरले हासिक गरेका उपलब्धि तर्फ केन्द्रित भई प्रगति प्रस्तुत गर्दछु।

१०. आर्थिक वर्ष २०७९/०८० मा नगरपालिकाबाट कार्यान्वयन हुने सबै कार्यक्रम चालु तथा पुँजीगत तर्फका विभिन्न क्रियाकलापका लागी ७४ करोड ०७ लाख ७२ हजार ९९७ रुपिया विनियोजन गरिएकोमा ४७ करोड ४५ लाख २६ हजार ९८ रुपिया खर्च भई ६५% प्रगती भएको।

- वडा नम्बर १ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ४६ लाख १९ हजार ३३५ रुपिया विनियोजन गरिएकोमा ४२ लाख १९ हजार ५११ रुपिया खर्च भई ९१% प्रगती भएको।
- वडा नम्बर २ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ६६ लाख ३७ हजार ९२ रुपिया विनियोजन गरिएकोमा ५५ लाख ८ हजार ८५२ रुपिया खर्च भई ८३% प्रगती भएको।
- वडा नम्बर ३ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ५४ लाख २० हजार १०४ रुपिया विनियोजन गरिएकोमा ३९ लाख १ हजार ९६७ रुपिया खर्च भई ७२% प्रगती भएको।
- वडा नम्बर ४ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ५४ लाख ५० हजार १६० रुपिया विनियोजन गरिएकोमा ४३ लाख ०५ हजार १० रुपिया खर्च भई ७९% प्रगती भएको।
- वडा नम्बर ५ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ८२ लाख ५ हजार ६७९ रुपिया विनियोजन गरिएकोमा ७८ लाख ३३ हजार ९९१ रुपिया खर्च भई ९५% प्रगती भएको।
- वडा नम्बर ६ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ४२ लाख ९३ हजार १४ रुपिया विनियोजन गरिएकोमा ३९ लाख ५ हजार ६३५ रुपिया खर्च भई ९१% प्रगती भएको।

- वडा नम्बर ७ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ७१ लाख ५९ हजार ९०७ रुपिया विनियोजन गरिएकोमा ६१ लाख ४४ हजार ९३ रुपिया खर्च भई ८६% प्रगती भएको।
- वडा नम्बर ८ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ५५ लाख १४ हजार १०५ रुपिया विनियोजन गरिएकोमा ४१ लाख ८१ हजार ८२२ रुपिया खर्च भई ७६% प्रगती भएको।
- वडा नम्बर ९ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ५५ लाख ६६ हजार ४६९ रुपिया विनियोजन गरिएकोमा ३८ लाख ६३ हजार ९८७ रुपिया खर्च भई ७०% प्रगती भएको।
- वडा नम्बर १० तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ४९ लाख ३४ हजार ७५७ रुपिया विनियोजन गरिएकोमा ४६ लाख ११ हजार १८२ रुपिया खर्च भई ९४% प्रगती भएको।
- वडा नम्बर ११ तर्फ विनियोजन गरिएका विभिन्न क्रियाकलापका लागी ५५ लाख ४९ हजार ३७१ रुपिया विनियोजन गरिएकोमा ४९ लाख ७२ हजार ४९२ रुपिया खर्च भई ९०% प्रगती भएको।

आदरणीय सभाध्यक्षज्यू तथा यस सभामा उपस्थित आदरणीय सभा सदस्यज्युहरु,

११. अब म नगरपालिकाबाट बांडफांड भई विषयगत क्षेत्र तर्फ विनियोजन भएको बजेटको प्रगती समिक्षा प्रस्तुत गर्न चाहन्छु।

- कृषी, पशुपन्छी, पर्यटन, उद्योग, सहकारी, संस्कृती, रोजगारी लगायतका क्षेत्रलाई समावेश गरी आर्थिक विकास तर्फ विनियोजन गरिएको रु. २ करोड २९ लाख ५० हजार मध्ये १ लाख ०१ हजार ४८ हजार ७६४ रुपिया बजेट खर्च भई ४४% प्रगती भएको देखिन्छ। जनताले महसुस गर्ने, बाख्रा वितरण, कृषी यान्त्रिकीकरणका औजार, पकेट क्षेत्र कार्यक्रम, बिउ बिजन वितरण, विरुवा वितरण, वडा नम्बर ०३ कोल्ड स्टोर निर्माणको सुरुवात, धार्मिक, एतिहासिक, पुरातात्विक, सास्कृतिक एवं वातावरणीय महत्व बोकेको विश्व प्रसिद्ध तथा प्राचिन श्री नमोबुद्ध चैत्य परिसरको दीर्घकालीन गुरुयोजना निर्माण गरी विश्व सम्पदा सूचीमा सुचिकृत गर्ने प्रारम्भिक चरणको कार्यहरु, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत ५९ जना श्रमिकहरुलाई ६ ओटा आयोजनाहरुमा १०० दिनको रोजगारी, गाई/भैसीमा कृतिम गर्भाधान मिसन कार्यक्रम, पशुपंक्षीहरुको परिजिवी नियन्त्रण, बाख्रा पकेट विकास कार्यक्रम, गरिबी निवारणका लघु उद्यम विकास लगायतका कार्यक्रमहरु संचालन गरियो।
- खानेपानी, शिक्षा, युवा, खेलकुद, स्वास्थ्य, लक्षित वर्ग लगायतका क्षेत्रलाई समावेश गरी सामाजिक विकास तर्फ विनियोजन गरिएको रु. ३० करोड २८ लाख ६५ हजार मध्ये २१ करोड ९० लाख ३८ हजार ३४ हजार रुपिया बजेट खर्च भई ७२% प्रगती भएको देखिन्छ। एक घर एक धारा अन्तर्गत विभिन्न आयोजना संचालन, महामारी रोकथाम, स्वास्थ्य सामाग्री वितरण, विभिन्न शैक्षिक कार्यक्रम, सुत्केरी महिलालाई पोषणयुक्त सामाग्री

वितरण, खेलकुद कार्यक्रम, महिला हिंसा बिरुद्धको कार्यक्रम, लैंगिक विकास र समाज कल्याण, बालमैत्री, युवा स्वरोजगार कार्यक्रम गठित युवा परिषद्का कार्यक्रम, निशुल्क स्वास्थ्य परिक्षण गरी एक वर्ष सम्म निशुल्क औषधि वितरण, घर घरमा सामाजिक सुरक्षा भत्ता, मोतियाबिन्दु रोगको निशुल्क उपचार, एम्बुलेन्स सेवा, विद्यालय दिवा खाजा कार्यक्रम, स्थानीय पाठ्यक्रम निर्माण, अपाङ्गता सहायक सामग्री लगायतका नतिजामुखी कार्यक्रम संचालन गरियो।

- सडक, यातायात, भवन, विद्युत, वैकल्पिक उर्जा, वस्ती विकास लगायतका क्षेत्रहरु समावेश गरी पूर्वाधार विकास तर्फ विनियोजन गरिएको रु. २० करोड २६ लाख ३३ हजार ३०५ रुपिया मध्ये १२ करोड २३ लाख १५ हजार ३७९ रुपिया बजेट खर्च भई ६०% प्रगती भएको देखिन्छ। वडा नम्बर ०१ को वडा प्रशासनिक भवन निर्माण सुरुवात, स्वास्थ्य चौकी भवन, नगर गौरवका विभिन्न आयोजनाहरु, श्यामपाटि काउसे आरुबारीचौर पुजारीटापु सडक, वडा नम्बर ०४ स्थित जयटार जनक मा.वि. चुवाने सडक, वडा नम्बर ०५ स्थित कानपुर डाँडागाउँ हुँदै बी.पी. राजमार्ग सडक, वडा नम्बर १० स्थित दाप्चा बसेरी सडक निर्माण, वर्षातबाट क्षतिग्रस्त कपुरेढुङगा सडक, दाप्चा बजार क्षेत्रमा ढुङ्गा विछ्याउने कार्य, सडकको नियमित सरसफाई तथा मर्मत सम्भार कार्य, भकुण्डे बजारलाई लक्षित गरी सडक बत्ति जडान, वडा नम्बर ०५ मा कानपुर प्रहरी चौकीको प्रशासनीय भवन निर्माण कार्य प्रारम्भ, प्रतिमा निर्माण, सडक बोर्डसँगको सहकार्यमा संचालित विभिन्न आयोजना, वडा नम्बर ०२ र ०३ स्थित जग्गा एकीकरण पद्धतीद्वारा योजनावद्ध व्यवस्थित शहरी विकास योजना संचालन, लिफ्ट सिंचाई लगायतका कार्यक्रमहरु ससम्पन्न गरी विकसित नगरको नारालाई मुर्त रुप दिईएको छ।
- संस्थागत विकास, संचार, वातावरण, विपद्, फोहोरमैला, सूचना प्रविधि, राजश्व परिचालन, मानव संशोधन, सामाजिक परिचालन, गैह सहकारी लगायतका क्षेत्रहरु समावेश गरी सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र विकास तर्फ विनियोजन गरिएको रु. १ करोड ६१ लाख ५० हजार मध्ये १ करोड ०३ लाख ५३ हजार बजेट खर्च भई ६४% प्रगती भएको देखिन्छ। एक वडा एक पोखरी, एक वडा एक चौतारी, एक वडा एक पार्क, फोहोरमैला व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, क्षमता विकास, राजमार्ग, सडक तथा बजारलाई लक्षित गरी नियमित सरसफाई, राहत वितरण, बजार व्यवस्थापन, जलवायु अनुकुलन कृषि सिकाई केन्द्र निर्माण, एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार, नेपाल नमुना जलवायु अनुकुलन कार्यक्रम, सडक सौर्य बत्ती, CCTV जडान कार्य, भू-उपयोग क्षेत्र तथा जग्गा वर्गीकरण, भूमिहीन दलित, भूमिहीन सकुम्बासी र अवस्थित बसोबासीको समस्या समाधानको कार्य, आवधिक नगर विकास योजना तर्जुमा, प्रविधिमैत्री कार्यालय लगायतका कार्यक्रम मार्फत नगरको समग्र क्षेत्र विकासमा टेवा पुर्याएको छ।
- कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ विनियोजन गरिएको रु. १९ करोड ६१ लाख ७४ हजार ६९२ रुपिया मध्ये ११ करोड २६ लाख ७० हजार १९४ रुपिया

बजेट खर्च भई ६४% प्रगती भएको देखिन्छ। नगरपालिका तथा मातहतका कार्यालयहरुको अपरिहार्य आवश्यकता पुरा गर्न, कार्यालयलाई थप प्रविधिमैत्री बनाउन, कर्मचारीको मनोबल उच्च राखी क्षमता विकास अभिबृद्धि गर्न, सुशासन कायम गर्न, नीति/नियम निर्माण गर्न, प्रधानमन्त्री रोजगार, लघु उद्यम कार्यक्रम, भूकम्प पुनः निर्माण लगायतका क्षेत्रमा नगरपालिकाले उल्लेख्यनिय प्रगति हासिल गरेको छ।

आदरणीय सभाध्यक्षज्यू तथा उपस्थित नगर सभा सदस्यज्युहरु,

१२. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत वार्षिक नगर विकास योजना उल्लेख नीति, कार्यक्रम तथा बजेटहरु नगरपालिकाले अनुमानित गरेको आय अनुरुपको आम्दानी प्राप्त नभएको सन्दर्भमा सम्झौता भई कार्यान्वयनमा रहेका केहि नगरस्तरीय तथा वडास्तरीय योजनाहरु अ.ल्या गर्नुपर्ने अवस्था रहेको छ।

अन्तमा,

१३. यस गरिमामय दोश्रो नगर सभाको तेश्रो अधिवेशनमा चालु आर्थिक वर्ष २०७९/०८० मा यस नगरपालिका अन्तर्गत भएका मुख्य मुख्य उपलब्धिहरुलाई संक्षेपमा प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा नगर कार्यपालिका, नगरसभा लगायत सम्बन्धित सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यसमा समावेश नभएका थुप्रै योजना तथा कार्यक्रमहरु वडास्तर तथा नगरस्तरबाट सम्पन्न भएका छन जुन यस प्रतिवेदनमा समेट्न सकिएको छैन। सम्पूर्ण विस्तुत विवरण निकट भविष्यमा हुने नगरपालिकाको वार्षिक समिक्षामा शाखागत रुपमा प्रस्तुत गरिनेनै छ।

१४. नगरपालिकाको समग्र नीति, योजना तथा कार्यक्रमहरु सम्पन्न गरि उल्लेख्य प्रगति हाँसिल गर्न सहयोग गर्नुहुने विदेशी दातृ निकाय, संघीय सरकार, प्रदेश सरकार, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु प्रति आभार व्यक्त गर्दछु। त्यस्तै गरी कार्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भमिका निभाउनहने नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यहरु, कर्मचारी साथीहरु र सम्बन्धित सवैमा हार्दिक धन्यबाद दिन चाहन्छु। साथै यहाँहरुले धैर्यतापुर्वक सुनिदिनु भएकोमा हार्दिक धन्यवाद दिदै सुझावको अपेक्षा सहित प्रगति प्रतिवेदन समाप्त गर्ने अनुमति चाहन्छु।

धन्यवाद !

जय नमोबुद्ध !

इश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत
नमोबुद्ध नगरपालिका
२०८० असार १० गते